# आकाशवाणी खरसाङः प्रादेशिक समाचार- नेपाली

मितिः ११ मई २०२५

समयः १८:५० - १९:०० बजे

**मुख्य समाचार**

- भारतीय संनाका सैय संचालन महानिदेशक र अन्य सैन्य अध्किारीहरूले एक संवाददाता सम्मेलनमा कारवाही सिन्दुरमातीनजना शीर्ष्ज आतंकवादीहरू सहित १०० भन्दा बढ़ी आतंकीहरूलाई मारिएको बताएका छन्।

- भारत -पाक युद्ध विराम संबधित समीक्षा बैठकको अध्यक्षता प्रधानमंत्री नरेन्द्र मोदीले गर्नुभयो। बैठकमा रक्षामंत्री राष्ट्रिय सुरक्षा सल्लाहकार तथा चारै शीर्ष्ज सैन्य अध्किारीहरू र विदेशमंत्री उपस्थित थिए।
- बुद्ध पुर्णिमाको उत्सव धार्मक हर्ष उल्लासका साथ आज देखि शुरू भएको छ। भोली भव्य शोभा यात्राहरू लिनाकालिने छन्।
- सियालदह रेलवे स्टेशनमा सुरक्षा व्यवस्थालाई उच्च सतर्कतामा राखिएको छ।
- भारतीय महिला क्रिकेट टिमले श्री लंकालाई पराजित गरि त्रिकोणीय खिताब जीतेको छ।

**डीजीएमओ**

भारतीय सेनाका सैन्य संचालन महानिदेशक- डी जी एम ओ लेफ्टिनेन्ट जनरल राजीव घै ले आज भन्नु भयो अपरेशन सिन्दूर अन्तर्गत पाकिस्तान र पीओकेमा नौ आतंकवादी लुकेका ठाउँहरूमा गरिएको आक्रमणमा 100 भन्दा अधिक आतंकवादीहरू मारिएका छन्। नयाँ दिल्लीमा मिडियालाई जानकारी दिँदै उहाँले भन्नु भयो यसमा युसुफ अजहर, अब्दुल मलिक रौफ र मुदासिर अहमद जस्ता शीर्ष आतंकवादीहरू समावेश छन् जो आईसी814 को अपहरण र पुलवामा विस्फोटमा संलग्न थिए। उहाँले अपरेशन सिन्दूर आतंकवादका अपराधी र योजनाकारहरूलाई दण्ड दिने र उनीहरूको आतंक पूर्वाधारलाई नष्ट गर्ने स्पष्ट सैन्य उद्देश्यका साथ परिकल्पना गरिएको बताउनु भयो। उहाँले भन्नु भयो अपरेशन सिन्दूरले कडा परिश्रम र सावधानीपूर्वक सीमापार आतंकवादी परिदृश्यको खोजी गऱ्यो र आतंकवादी शिविर र तालिम स्थलहरू पहिचान गऱ्यो।

**सेना प्रमुख**

सेना प्रमुख जनरल उपेन्द्र द्विवेदीले हिजो राति हवाई क्षेत्र उल्लङ्घन र युद्ध विराम पछि पश्चिमी सीमाका सैन्य कमाण्डरहरूसित सुरक्षा स्थितिको समीक्षा गर्नुभयो। सेनाले भनेको छ सेना प्रमुखले हिजो भारत र पाकिस्तानका सैन्य अभियान महानिदेशकहरुको वार्तापछि भएको सहमतिको कुनै पनि उल्लंघनको मामिलामा जवाबी कारबाही गर्न सेनाका कमाण्डरहरूलाई पूर्ण अधिकार दिएका छन्।

**प्रधानमंत्री बैठक**

प्रधानमंत्री नरेन्द्र मोदीले आज नयाँ दिल्ली स्थित आप्नो आवासमा एक उच्च स्तरीय बैठक गर्नुभयो। बैठकमा रक्षा मंत्री राजनाथ सिंह, विदेश मंत्री सुब्रह्मण्यम जयशंकर, राष्ट्रीय सुरक्षा सलाहकार अजीत डोभाल, रक्षा प्रमुख जनरल अनिल चौहान, थल सेना प्रमुख जनरल उपेंद्र द्विवेदी, नौसेना प्रमुख एडमिरल दिनेश के. त्रिपाठी र वायुसेना प्रमुख एयर चीफ मार्शल अमर प्रीत सिंह उपस्थित हुनुहुन्थ्यो ।

**प्रधानमंत्री- राष्ट्रीय प्रौद्योगिकी दिवस**

प्रधानमन्त्री नरेन्द्र मोदीले आज राष्ट्रीय प्रौद्योगिकी दिवसमा आफ्नो शुभकामना दिनु भएको छ। सोशल मीडिया पोस्टमा प्रधानमन्त्रीले भन्नुभयो यो दिन देशका वैज्ञानिकहरू प्रति गर्व र कृतज्ञता व्यक्त गर्ने तथा 1998 को पोखरण परीक्षणलाई स्मरण गर्ने दिन हो।उहाँले भन्नुभयो यो भारतको विकास पथमा, विशेष गरी देशको आत्मनिर्भरताको दिशामा एक ऐतिहासिक घटना थियो।श्री मोदीले वैज्ञानिकहरूको कारणले गर्दा भारत प्रौद्योगिकीका विभिन्न पक्षमा वैश्विक नेताको रूपमा उदाइरहेको कुरा उल्लेख गर्नुभयो, चाहे त्यो अन्तरिक्ष होस्, एआई होस्, डिजिटल नवाचार होस्, हरित प्रौद्योगिकी होस् ।प्रधानमन्त्रीले भन्नुभयो देशले विज्ञान र अनुसन्धानको माध्यमबाट भावी पुस्तालाई सशक्त बनाउने आफ्नो प्रतिबद्धतालाई पुष्टि गर्दछ। उहाँले प्रौद्योगिकीले मानवताको उत्थान गर्नेछ, राष्ट्रलाई सुरक्षित गर्नेछ र भविष्यको विकासलाई गति दिईनेछ भनि आशा व्यक्त गर्नुभयो।

**बुद्ध पूर्णिमा**

उत्तरबंग बुद्ध जयंती उत्सव कमेटीको तर्फ बाट आज सिलिगुडीमा भव्य शोभायात्रा निकाल्यो | शोभायात्राको मुख्य उद्देश्य विश्व शांतिको संदेश फैलाउनु तथा गौतम बुद्ध का अहिंसा अनि मानवताका आदर्शहरुलाई आम मानिसहरुसम्म पुरयाउनु रहेको थियो | यो शोभायात्रा सिलीगुड़ीमा सूर्यसेन पार्क देखि शुरू भयो जुन एयरव्यू मोड़, सेवक मोड़, वीनस मोड़, बिधान रोड हुँदै पुनः सूर्यसेन पार्क पुगेर सम्पन्न भयो। बुद्ध का प्रतिमाहरुले सुसज्जित रथ, भिक्षुहरुको उपस्थिति, बौद्ध धार्मिक संगीत अनि शांतिका झन्डाहरुका साथ शहरका विभिन्न मार्गहरुमा शोभा यात्राले परिक्रमा गर्यो| उत्तरबंग बुद्ध जयंती उत्सव कमेटी को पक्षमा बताइएको छ कि देशभरिमा भोलि सोमवार बुद्ध जयंती मनाइने छ | यो शोभायात्रा, शांतिपूर्ण सह-अस्तित्व को संदेश दिइने एक सामाजिक पहल रहेको रिपोर्टमा उल्लेख गरिएको छ | यसै बीच बुद्ध पुर्णिमाको अवसरमा दार्जिलिंग पहाड,सिक्किम तथा अन्य क्षेत्रहरुका बौद्ध गुम्बाहरुमा भोलि बिशेष पूजा आयोजना गरिएको छ| यस अवसरमा भोलि खरसांग स्थित टाशी साम्तेलिंग गुम्बाले भगवान बुद्धको पालकीलाई धार्मिक जुलुसको साथमा सदा झैँ नगर परिक्रमा गरिने रिपोर्ट प्राप्त भएको छ अनि भोलि नै पुज्यनीय क्याब्जे रिम्पोर्चेको करकमलबाट दिर्घायुको वांग बौद्ध धर्मावलाम्बी लगायत भक्तजनलाई प्रदान गरिने जानकारी प्राप्त भएको छ | यसरी नै स्थानिय शेर्पा Buddhist association ले पनि भोलि धार्मिक जुलुसको आयोजना गरेको छ| अर्कोतिर मिरिक महकुमा स्थित जाम्बुलिंग गुम्बा , बोकार गुम्बा साथै दार्जिलिंग ,कालेबुंग, गोरुबथान, तराई डुवर्स लगायत विभिन्न क्षेत्रका गुम्बाहरुमा बुद्ध पुर्णिमाको तयारीहरु अन्तिम चरणमा पुगेको छ |

**सियालदह सुरक्षा व्यवस्था**

भारत र पाकिस्तानबीचको सैन्य कारबाही रोकिएपछि पनि पश्चिम बंगालको सबैभन्दा महत्त्वपूर्ण रेलवे स्टेशन सियालदह रेलवे स्टेशनको सुरक्षा व्यवस्थामा कुनै पनि खाकुलोपन गरिएको छैन। यस रेलवे स्टेशनमा रेलवे सुरक्षा बल (RPF) लाई उच्च सतर्कतामा राखिएको छ। यात्रीहरूको सुरक्षा सुनिश्चित गर्न, सियालदह डिभिजनका सबै स्टेशनहरू साथै महत्त्वपूर्ण इन्धन स्टेशनहरू र अन्य स्थानहरूमा सुरक्षा बढाइएको छ। सम्भावित खतराहरू छिटो पत्ता लगाउन डॉग स्क्वायड स्टेशन र रेलहरूमा दैनिक खोजीमा परिचालन गरिएका छन्। रेलवे स्टेशनहरू र लेभल क्रसिङहरूमा आरपीएफ बलहरूको उपस्थितिलाई अझ बलियो बनाइएको छ। सियालदह डिभिजन रेलवे प्रबन्धक राजीव सक्सेनाले आरपीएफले यात्रीहरूको सुरक्षाको लागि सियालदह स्टेशनमा नियमित रूपमा गस्ती गरिरहेको बताउनु भएको छ। धेरै मानिसहरु बसोबास गर्ने क्षेत्रहरूमा थप सुरक्षा बल तैनात गरिएको छ भने आधुनिक प्रविधिको प्रयोग गरेर सुरक्षा बढाइएको छ। यात्रीहरूको सामान स्क्यानर र ह्यान्डहेल्ड मेटल डिटेक्टरहरू प्रयोग गरेर जाँच भइरहेको छ।

**राजबंशी-कामतापुरी भवन- सांसद बिष्ट**

दार्जीलिङका सांसद राजु बिष्टले आज सिलीगुड़ीको कावाखरी, मेडिकल मोरमा राजबंशी-कामतापुरी समाज भवन 'वीर चिलाराय भवन'को उद्घाटन गर्नु भएको छ। सांसद कोषमार्फत आंशिक निर्माण सम्पन्न भएको भवनको उद्घाटन सिलीगुड़ी कामता सांस्कृतिक समाजले आयोजना गरेको कार्यक्रममा गरिएको हो। कार्यक्रममा राजबंशी-कामतापुरी समुदायका व्यक्तिहरूको उपस्थिति थियो। सांसद बिष्टले राजबंशी-कामतापुरी भाषा र संस्कृतिको संरक्षणका लागि उहाँले संसदमा आवाज उठाइरहेको बताउँदै आगामी दिनमा पनि समुदायको सांस्कृतिक र सामाजिक उन्नयनका लागि पहल जारी रहने बताउनु भयो।

**एनटीपीसी**

120 मेगावाट क्षमताको निर्माणाधीन एनटीपीसी रम्माम स्टेज-३ परियोजना, जुन २८ अप्रेल २०२५ देखि बन्द थियो, ७ मई २०२५ देखि पुनः सञ्चालनमा आएको छ। परियोजना खोलिने निर्णय सभासद नोर्देन शेर्पाको पहलमा अन्तिम बैठकमार्फत गरिएको हो। परियोजनासँग सम्बन्धित स्थानीय बासिन्दाहरूका विभिन्न मागहरू समाधान हुने सहमति भएको छ। रुख कटानी क्षतिपूर्ति, कृषियोग्य जमिनको नोक्सानी र स्थानीय ठेकेदारको बक्यौता लगायतका विषयहरूमा समाधान प्रक्रिया अगाडि बढिरहेको छ। सभासद शेर्पाका अनुसार, स्थानीय बासिन्दालाई अनुमानित 7–8 करोड रुपियाँको लाभ प्रदान गरिएको छ। कांकेबुंग क्षेत्रका भूमिहीन तथा प्रभावित स्थानीयहरूले विगत10–12 वर्षदेखि एनटीपीसी, सिम्प्लेक्स कम्पनी र प्रशासनद्वारा अधिकारको बेवास्ता गरिएको गुनासो गर्दै आएका थिए। उनीहरूको मागअनुसार, 2024मा जीटीए प्रमुख अनित थापाको निर्देशनमा सभासद शेर्पाको नेतृत्वमा 34 बुँदे मागपत्रमा सहमति भएको थियो। तर कार्यान्वयनमा ढिलाइ भएपछि पुनः छलफल गरेर परियोजना सञ्चालनमा ल्याइएको हो। फेन्चेटारको निप्पोन पावर र डब्लुबीएसईडीसीएलका होमगार्ड समस्याको समाधान, साथै सडक र पूर्वाधार निर्माणका कामहरू पनि तीव्र गतिमा भइरहेका सभासद शेर्पाले बताउनु भएको छ।

**आईएएफ-ऑपरेशन सिंदूर**

भारतीय वायु सेना (आईएएफ) ले ऑपरेशन सिंदूर अन्तर्गत आईएएफलाई सुम्पिएका कार्यहरु सटीकता र कुशलतापूर्वक पूरा गरेको बताएको छ। सामाजिक संजाल पोस्टमा आईएएफले बताएको छ कि ऑपरेशनले राष्ट्रीय उद्देश्यहरु अनुरूप सोचविचार गरेर अनि विवेकपूर्ण तरीका संग गरिएको छ। आईएएफले भनेको छ कि ऑपरेशन अझै पनि जारी रहेकोले समयमा नै विस्तृत जानकारी दिईने छ र सबैलाई भ्रामक र अप्रमाणित जानकारीको प्रसारबाट टाढा रहन आग्रह गरेको छ।

**राजनाथ-ब्रह्मोस**

रक्षामन्त्री राजनाथ सिंहले भन्नुभएको छ अपरेशन सिन्दूर केवल सैन्य कारबाही मात्र नभएर भारतको राजनीतिकए सामाजिक र सामरिक इच्छा शक्तिको प्रतीक हो। आज लखनऊमा ब्रह्मोस एयरोस्पेस इंटिग्रेशन एण्ड टेस्टिंग फेसिलिटीको भर्चुअल माध्यमले उद्घाटन गर्दै रक्षामन्त्रीले भन्नुभयो यो अपरेशनले आतंकवाद विरुद्ध भारतको दृढ इच्छा शक्ति र सैन्य शक्तिको पत्तो लाग्दछ।उहाँले भन्नुभयो जब पनि भारतले आतंकवाद विरुद्ध कुनै कारबाही गदर्छ, तब सीमापार क्षेत्रहरू आतंकवादी र उनीहरूका आकाहरूका लागि सुरक्षित रहने छैनन्। श्री सिंहले भन्नुभयो पाकिस्तानमा आतंकवादी ठेकानाहरु नष्ट गर्ने उद्देश्यले भारतीय सेनाले अपरेशन सिन्दूर सुरु गरेको थियो र आवासीय क्षेत्रहरूलाई कहिल्यै लक्षित गरिएको थिएन।तर पाकिस्तानले भारतका आवासीय क्षेत्रहरूलाई निशाना बनायो र मन्दिरए गुरुद्वारा र चर्चहरूमा पनि हमला गऱ्यो। श्री राजनाथ सिंहले भन्नुभयो ब्रह्मोस एयरोस्पेस इंटिग्रेशन एण्ड टेस्टिंग फेसिलिटीले देशको मारक शक्ति बढाउनेछ। उहाँले राष्ट्रिय प्रौधोगिकि दिवसको अवसरमा आज यो सुविधाको सुरुवात विशेष रूपमा महत्वपूर्ण भएको बताउनुभएको छ। १९९८ मा आजकै दिनए हाम्रा वैज्ञानिकहरूले पोखरणमा सफल परमाणु परीक्षण गरेर भारतको शक्तिलाई विश्वसामु परिचित गराएका थिए। रक्षामन्त्रीले वैज्ञानिकए इन्जिनियरए रक्षा कर्मचारी र अन्य सरोकारवालाहरूको अथक प्रयासका कारण यो परीक्षण सम्भव भएको बताउनु भयो। उहाँले भन्नुभयोए ब्रह्मोस विश्वको सबैभन्दा तेज सुपरसोनिक क्रूज मिसाइल मध्ये एक हो र यो केवल एक हतियार मात्र होइन तर स्वयममा देशको सशस्त्र बलको क्षमताको सन्देश हो। रक्षामन्त्रीले भन्नुभयो आज भारत विश्वको सबैभन्दा शक्तिशाली देशहरूमा गनिन्छ।

**एनटीपीसी**

निर्माणाधीन १२० मेगावाट क्षमताको एनटीपीसी रम्माम स्टेज-३ परियोजना, जुन २८ अप्रेल २०२५ देखि बन्द थियो, ७ मई २०२५ देखि फेरि सञ्चालनमा आएको छ। कांकेबुंग क्षेत्रका भूमिहीन तथा प्रभावित स्थानीय बासिन्दाहरूले विगत १०–१२ वर्षदेखि एनटीपीसी, सिम्प्लेक्स कम्पनी र प्रशासनद्वारा आफ्नो अधिकारको बेवास्ता भएको गुनासो गर्दै आएका छन्। उनीहरूको मागलाई लिएर २०२४ मा जीटीए प्रमुख अनित थापाको निर्देशनमा सभासद नोर्देन शेर्पाले निर्णायक बैठक गरेका थिए जहाँ ३४

बुँदे मागपत्रमा सहमति भएको थियो।तर कार्यान्वयनमा ढिलाइ भएपछि पुनः सभासद शेर्पाको पहलमा अन्तिम बैठक मार्फत परियोजना खोलिएको हो। सभासद शेर्पाका अनुसार, रुख कटानी क्षतिपूर्ति, कृषियोग्य जमिनको नोक्सानी, स्थानीय ठेकेदारको बक्यौता लगायतका विषयमा समाधान गरिँदैछ। अनुमानित ७–८ करोड रुपैयाँको लाभ स्थानीयलाई दिलाइएको छ।साथै, फेन्चेटारको निप्पोन पावर र डब्लुबीएसईडीसीएल-का होमगार्ड समस्याको समाधान, र सडक तथा पूर्वाधार निर्माणका कामहरू समेत तीव्र गतिमा भइरहेको सभासद शेर्पाले जानकारी दिएका छन्।

## रोटरी अवार्ड

दार्जीलिङ रोटरी क्लबले वर्ष २०२४–२५ को रोटरी अवार्ड प्रदान गर्दै खेलकुद र युवा विकासमा योगदान दिने व्यक्तित्व र संस्थालाई सम्मान गरेको छ। यस वर्ष ओलम्पियन किशोर रत्नमणि राई, बास्केटबल खेलाडी पेमा छोडेन र संस्था दृष्टि खेलकूद संघ सम्मानित भएका छन्। किशोर रत्नमणि राईले 1988 को क्याल्गरी विन्टर ओलम्पिकमा भारतको प्रतिनिधित्व गरेका थिए। पेमा छोडेनले पश्चिम बंगालबाट अण्डर–२३ बास्केटबल प्रतियोगितामा भाग लिएकी हुन्। दृष्टि खेलकूद संघले ग्रामीण र शहरी क्षेत्रका युवालाई खेलकूदमा प्रोत्साहन गर्दै आइरहेको छ।

## महिला क्रिकेट

भारती क्रिकेट टिमले त्रिकोणीय एक दिवसीय अन्तराश्ट्रिय क्रिकेट म्याचको फाइनलमा श्री लंकालाई पराजित गरि खिताब जीतेको छ। कोलम्बोको आर प्रेमादासा स्टेडियममा आज खेलिएको फाइनलमा भारतले पहिला बैटिंग गर्दै निर्धारित ५० ओभरमा ७ विकेट गुमाएर ३४२ रन बनायो जवाफमा श्री लंकाले ४८.२ ओभरमा २४५ रन बनाएर आल आउट भयो। भारतका लागि स्मृति मन्धानाले शानदार ११६ रन बनाईन।

****** ० ******